# जनवरीबाट तलब वृद्धि योजना लागू हुने

डिसेम्बर २०, २०२२

जनवरीमा, *UW–Madison* ले २०२१–२०२३ सालको तलब योजना अन्तर्गत प्रायजसो कर्मचारीहरूलाई २ प्रतिशत तलब वृद्धि प्रदान गर्नेछ। रोजगार सम्बन्धमा विधानसभाको संयुक्त समिति *(JCOER)* ले २०२१ साल डिसेम्बरमा दुई चरणहरूमा लागू गरिने ४ प्रतिशतको वृद्धिको विवरणको तलब वृद्धि योजना स्वीकृत गरेको थियो। पहिलो २ प्रतिशत वृद्धि २०२२ सालको जनवरीमा लागू भयो। दोश्रो २ प्रतिशत वृद्धि २०२३ सालको जनवरीमा लागू हुनेछ।d

सबै शैक्षिक कर्मचारी, संकाय, सीमित र युनिभर्सिटी कर्मचारीहरूले तलब योजना वृद्धि पाउन योग्य छन्। केही कर्मचारी वर्गहरू, अस्थायी कर्मचारीहरू र प्रति घण्टा तलब पाउने विद्यार्थी कर्मचारीहरू, योग्य छैनन्।

२ प्रतिशत वृद्धि जनवरी १, २०२३ देखि लागू हुनेछ। योग्यता मापदण्ड पूरा गरेका कर्मचारीहरूले आफ्नो जनवरी २६ को तलब विवरणमा वृद्धि देख्नेछन्। तलब वृद्धि पाउने कर्मचारीहरूले उनीहरूलाई आफ्नो नयाँ तलब दर, कहिले त्यो तलब दर शुरू हुन्छ र कहिले बढेको तलब कर्मचारीहरूको पेचेकमा देखिनेछ, यी सबको बारेमा जानकारी भएको लिखित पत्र पाउनेछन्।

योग्यता मापदण्डहरू पूरा भएको खण्डमा, आफ्नो कार्यपदको लागि अधिकतम तलब श्रेणी वा माथि तलब पाएका कर्मचारीहरूले फेरि आधारभूत समायोजनको रूपमा २% वृद्धि पाउनेछन् (एक्मुस्ट भुक्तानी रकम होइन)।

तलब वृद्धि पाउन योग्य हुन, कर्मचारीहरूले डिसेम्बर १, २०२२ मा आफ्नो हालको कार्यपदहरूमा कार्यरत भइसकेको हुनुपर्दछ। कर्मचारीहरूले *UW–Madison* को यौन उत्पीडन रोकथाम तालिम, साइबरसुरक्षा जागरूकता तालिम र आफ्नो अन्तिम कार्यप्रदर्शन मूल्याङ्कनमा कार्यसम्पादन अपेक्षाहरू पनि पूरा गरेको हुनुपर्दछ। सुपरभाईजरहरूले आफ्नो कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन पूरा गर्न आवश्यक छ। थप मापदण्डहरू विभागीय स्तरमा लागू हुन सक्दछन्।

## निर्माण व्यापार सङ्घ सम्झौता *(Building Trades Agreement)*

*UW–Madison* क्याम्पस निर्माण व्यापार सङ्घका कर्मचारीहरूसँग सामूहिक सौदाबाजी सम्झौता पनि गरेको छ। सम्झौताहरू लागु हुन अन्ततः *JCOER* र पुरै कानून बनाउने सभाबाट स्वीकृति र गभर्नरबाट हस्ताक्षर पाउन आवश्यक छ। क्याम्पसमा निर्माण व्यापार सङ्घ एक मात्र प्रमाणित सौदाबाजी गर्ने यूनिट हो। राज्यका कानून अन्तर्गत, सङ्घले *Consumer Price Index (CPI)* सम्म मात्र ज्यालामा सौदाबाजी गर्न सक्दछ। सम्झौताले व्यापार सङ्घ कमर्चारीहरूलाई २०२२-२०२३ सालको लागि ४.७ प्रतिशत वृद्धि पाउन आह्वान गर्दछ। कार्यान्वयन ढिलो हुन गएमा, व्यापार सङ्घका योग्य कर्मचारीहरूले ठेक्काको प्रभावकारी मितिहरूका सबै घण्टाको लागि बढेको रकम बराबर एक्मुस्ट भुक्तानी रकम पाउनेछन्।